## अध्याय एक

# नेपालमा पनि दासप्रथा !

### साझेदार संस्थाको खोजीको सिलसिलामा नेपाल भ्रमण

नेपालमा "कमैया" को संज्ञा दिइएको "दासप्रथा" विद्यमान रहेको तथ्य मैले सर्वप्रथम सन् १९९४ को मार्च महिनामा पहिलोपटक नेपाल आउँदा थाहा पाएँ । त्यस बेला म शाप्ला नीर (Shapla Neer)[1] भन्ने जापानी गैरसरकारी संस्था (गैसस) को कर्मचारी थिएँ । सन् १९७२ मा स्थापित शाप्ला नीरले करिब २० वर्षभन्दा बढी समयदेखि बंगलादेशमा सामाजिक विकासको काम गर्दै आइरहको छ ।[2] तर थप एक राष्ट्रमा पनि कार्यक्षेत्र विस्तार गर्ने सन्दर्भमा सर्वेक्षणको सिलसिलामा म नेपाल आएँ । शाप्ला नीरले सहयोग गर्ने नयाँ राष्ट्रको रूपमा नेपाललाई छनोट गर्नुमा दुईओटा कारण मुख्य थिए: (क) संसारभरि असङ्ख्यरूपमा रहेका अविकसित राष्ट्रमध्ये बंगलादेश जस्तै आर्थिक रूपमा पिछडिएको देश हुनु,

---

[1] शाप्ला नीर (Shapla Neer) जापानी नागरिकहरूद्वारा सञ्चालित समुद्रपारीको सहयोग संस्था हो । सन् २००१ मा गैरसरकारी संस्थाको रूपमा स्थापित यसको बंगलादेश र नेपाल गरी दुई राष्ट्रमा विकासका लागि सहयोग क्रियाकलाप सञ्चालित छन् ।

[2] शप्ला नीरका बंगलादेशमा सञ्चालित क्रियाकलाप तथा यसको विशेषताबारे विस्तृत जानकारीका लागि अध्याय दुई हेर्नुहोला ।

र (ख) भौगोलिक रूपमा दक्षिण एसियामै रहेको र भाषा तथा जीवनशैलीका आधारमा पनि बंगलादेशसँग मेल खाएको देश हुनु ।

यस आधारमा हालसम्मको अनुभवलाई सदुपयोग गर्न सकिन्छ कि भन्ने विचार आयो ।[३] नेपालमा सर्वेक्षण गर्ने भने तापनि कहाँबाट सुरु गर्ने भन्नेबारे अन्यौल नै थियो । त्यस बेला बंगलादेशमा शाप्ला नीरसँग घनिष्ठ सम्बन्ध भएको क्यानडाको गैरसरकारी संस्था साप (South Asia Partnership [SAP])[४] सँग सहयोग मागेँ । यो संस्थाले नेपालमा पनि काम गर्दै आएको थियो । यसैले मैले काठमाडौँस्थित कार्यालयमा सम्पर्क राखी सापको कार्यक्षेत्र बर्दियामा गएर अवलोकन गर्ने निर्णय गरेँ ।[५]

## तीन प्रकारको भू-बनौट भएको राष्ट्र

बर्दिया काठमाडौँबाट करिब ६०० किमि पश्चिममा पर्ने समतल मैदानमा अवस्थित छ । काठमाडौँबाट विमानमा एक घण्टाको उडानपछि नेपालको पश्चिमी भेगको व्यापारिक क्षेत्रलाई प्रतिनिधित्व गर्ने नेपालगञ्ज सहर पुगेपछि बर्दिया जान गाडीबाट करिब एक घण्टाजति पश्चिमतिर लाग्नुपर्छ । नेपालको सम्पूर्ण भू-भागलाई हिमाली क्षेत्र, पहाडी क्षेत्र र तराई क्षेत्र गरी तीन भागमा विभाजन गरिएको छ । प्रथम पटक नेपाल आएको हुँदा मेरो लागि नेपालगञ्जतर्फको हवाईयात्राद्वारा नेपालको भौगोलिक बनौट थाहा पाउन सजिलो भयो । विमानबाट पश्चिमतर्फ, काठमाडौँ उपत्यकाको फराकिलो हरियाली खेत पार गरी

---

३ शाप्ला नीरद्वारा नयाँ क्रियाकलापका लागि सम्भाव्य राष्ट्रको खोजीसम्बन्धी विस्तृत जानकारी र निर्णय प्रक्रियाबारे अध्याय दुई हेर्नुहोला ।

४ साप (SAP) दक्षिण एसियाका राष्ट्रहरूमा सहयोग गर्ने उद्देश्य बोकेको क्यानाडाका २५ ओटा गैरसरकारी संस्थाहरूको संयुक्त संस्था हो । यसले बंगलादेश, नेपाल, भारत, पाकिस्तान, श्रीलंका गरी पाँच राष्ट्रहरूमा स्थानीय गैरसरकारी संस्थाको आर्थिक सहयोगका लागि केन्द्रित रही क्रियाकलाप गर्दै आएको छ । साप बंगलादेशका सचिव नरुरु आरोमजी जो शाप्ला नीर बंगलादेश कार्यालयका सल्लाहकारको रूपमा हुनुहुन्छ, उहाँसँग नै साप नेपाल (SAP Nepal) को परिचयका लागि अनुरोध गरेँ । सन् १९८५ मा क्यानडेली अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको रूपमा स्थापित साप नेपाल हाल नेपाली गैरसरकारी संस्थाको रूपमा दर्ता भएको छ । यसको कार्यक्षेत्र नेपाल भरि छ । यसले बर्दिया जिल्लामा थुप्रै स्थानीय गैरसरकारी संस्थाका लागि आर्थिक सहयोग जुटाइदिनुका अतिरिक्त कमैयालाई लक्षित गरिएको क्षेत्रीय विकास परियोजना सञ्चालन गरिरहेको छ । यसको मुख्य कार्यालय चाहिँ काठमाडौँमा छ ।

५ बर्दिया जिल्लाको भ्रमणको समयदेखि मसँगै शाप्ला नीर, टोकियोका दुई जना कर्मचारी पनि अनुसन्धानमा संलग्न हुनुभयो ।

उपत्यकाबाहिर गएपछि रातोमाटो, डाँडापाखा जस्ता अत्यन्त फरक किसिमका दृश्य देखिन्छन् । डाँडापाखाका तल बेसीदेखि माथि चुचुरासम्मका प्रायः सम्पूर्ण भाग खेतै खेतले भरिएको र जङ्गल चाहिँ कमै मात्रामा देखिन्छ ।

जापानमा भन्दा फरक, यहाँका गाउँघर बेंसीमा नभई डाँडाको बीचदेखि चुचुरासम्म छरिएका छन् । यस पहाडी क्षेत्र (समुद्री सतहको ६१० मिटरदेखि ४,८७७ मिटरसम्मको उचाइ, सम्पूर्ण भू-भागको ४२% ओगटेको) को हावापानी अनुकूल हुनाका साथै यहाँको जनघनत्व पनि बढी छ । उत्तरी भागमा सेतै टल्किएको हिउँले ढाकेको हिमशृङ्खला आकाशमा उत्रिरहेको जस्तो देखिन्छ । हामी जापानीहरूलाई “नेपाल” भन्नेबित्तिकै यसको झझल्को दिने यही हिमाली दृश्य होला । तर हिमाल सहितको पहाडी भेग (४,८७७ मिटरभन्दा माथि) ले नेपालको सम्पूर्ण भू-भागको ८३ प्रतिशत मात्र ओगटेको छ । हिमालपारि चीनको स्वशासित क्षेत्र तिब्बत पर्दछ ।

काठमाडौँबाट ४० मिनेट वा त्योभन्दा कमको उडानपछि दक्षिणतिर झरेमा समथर हरिया फाँट र जङ्गलहरूले ढाकिएको भाग देखिन्छ जसलाई “तराई” भनिन्छ । तराई (समुद्री सतहदेखि ६१० मिटरसम्मको उचाइ, सम्पूर्ण भू-भागको १७%) दक्षिणतिर भारतको सिमानासँग जोडिएको छ । साथै सरकारद्वारा व्यवस्थित गरिएको ठूलो राष्ट्रिय निकुञ्जमा बाघ, गैँडाजस्ता वन्यजन्तुको संरक्षण पनि गरिएको पाइन्छ ।

नेपाल उत्तरमा चीन र दक्षिणमा भारतजस्ता एसियाका अति ठूला राष्ट्रबीच अवस्थित पहाडी, हिमाली र तराई क्षेत्रजस्ता विविध भू-बनौट भएको राष्ट्र हो ।

## आदिवासी थारूः ऋणी मजदुर

नेपालगञ्ज विमानस्थलमा पुगेर विमानबाट बाहिर निस्कनेबित्तिकै काठमाडौँको चीसो बतासभन्दा भिन्नै तातो हावाको अनुभव भयो । त्यस बेला ३० डिग्रिभन्दा बढी तापक्रम थियो होला । गाडी लिएर स्वागत गर्न आउनुभएका सापका पुरुष कर्मचारी कोजुजीको उमेर अन्दाजी ५० वर्षजति थियो । उहाँले जापानी भाषामा “ओहायो गोजाइमास” (शुभप्रभात) भनी अभिवादन गर्नुभयो । मैले नेपाली भाषामा “नमस्ते” भनी अभिवादन फर्काएँ । त्यसपछि हामी बर्दिया जिल्लातिर लाग्यौँ ।

विमानबाट देखिने तराईका हरिया फाँटले म प्रभावित भइरहेको थिएँ । तर बर्दिया जिल्ला जाने सीधा बाटोको दायाँबायाँ खेत भए तापनि कुनै बालीनाली लगाएको देखिएन । ठाउँठाउँमा सुख्खा, डढेका परालका थुप्राहरू मात्र थिए ।

साप नेपालले बर्दिया जिल्लामा १७ ओटा गाउँ अर्थात् करिब ८,५०० जनसङ्ख्याका लागि विभिन्न गतिविधि गर्दै आइरहेको थियो । त्यो मुख्यतः थारू जातिका लागि सहयोगस्वरूप गरिएको क्रियाकलाप थियो । कार्यालयमा पुगेपछि कोजुजीले मलाई जानकारी दिँदै भन्नुभयो, "थारू जाति तराई क्षेत्रका आदिवासी हुन् । सरकारले सन् १९६० तिर महामारीको रूपमा फैलिएको औलो रोग उन्मूलन गरी बसोबासयोग्य बनाउने कार्यक्रम कार्यान्वयन गरिसकेपछि मात्र बर्दिया क्षेत्रमा पहाडी भेगबाट मानिसहरू स्थानान्तरण भएका हुन् । नेपाल सरकारले पनि पहाडी क्षेत्रका बासिन्दाहरूलाई तराईजस्तो उर्वर क्षेत्रमा स्थानान्तर गर्न प्रोत्साहित गरेको थियो । हाल बर्दिया क्षेत्रका सम्पूर्ण बासिन्दामध्ये ६० प्रतिशत थारू जातिको बाहुल्य रहेको छ । प्रायः निरक्षर र कृषि पेशाका थारू जाति कुशल तथा मेहनती छन् । उनीहरूले अरू जातिको भन्दा भिन्नै खालको मौलिक संस्कृति बोकेका छन् । केन्द्रीय सरकारले तोकेको धेरै नियमकानून थारूहरूको जीवन निर्वाहसँग मेल खाँदैन ।"

"थारू जातिद्वारा सिर्जित प्रायजसो खेतीयोग्य उर्वर जग्गाहरू पनि हाल पहाडी क्षेत्रबाट स्थानान्तरण भई आएका व्यक्तिहरूले अतिक्रमण गरेका छन् । आफ्ना जग्गा गुमाई, तिनै जग्गामा साना कामदारको रूपमा मजदुरी गरिरहेका थारूहरू प्रायशः ऋणी मजदुरको रूपमा रही अत्यन्त शोषित जीवन व्यतित् गरिरहका छन् । साथै उनीहरूको जीवन गरिबीले पनि ग्रसित छ । यसरी ऋणी मजदुर बनेका थारू परिवारका सम्पूर्ण सदस्यहरू जमिनदारको अधिनमा मजदुरी गर्न बाध्य हुन्छन् । महिला, पुरुष तथा युवाहरू खेतमा मजदुरी गर्ने र स-साना नानीहरू चाहिँ घरेलु धन्दा, पशुको सेवा, दाउरा सङ्कलन जस्ता कार्यमा व्यस्त हुन्छन् । यसप्रकार थारू जाति आफ्नो कुनै आवास, जग्गा, धन तथा शक्ति नभएका जाति हुन पुगेका छन् । तर दुःखको कुरा के छ भने तिनीहरूले यस अवस्थालाई आफ्नो भाग्यको रूपमा स्वीकारिरहेका छन् । आफ्नो जीवनस्तर राम्रो हुन सक्छ भन्ने सोचाइ समेत लिएका छैनन् ।"

"अर्कोतिर अति न्यून रूपमा पहाडी क्षेत्रबाट आफ्नो भाग्यको परीक्षण गर्न आएका बासिन्दाहरू पनि यस किसिमको जालमा फसेका उदाहरणहरू पाइन्छन् । साप संस्थाले यी गरीब व्यक्तिहरूलाई सहयोग गर्दै आइरहेको छ । सापको मुख्य उद्देश्य शिक्षा, आय आर्जनमा वृद्धि, वातावरण संरक्षण र सशक्तीकरणजस्ता क्रियाकलापमार्फत तिनीहरूको सामाजिक, आर्थिक उन्नति गराउनु हो ।"

कोजुजीले भनेपछि मैले पहिलोपटक बर्दिया क्षेत्रमा आदिवासी थारू जातिको बसोबास रहेको थाहा पाएँ । तर यत्तिकैमा तिनीहरूको वास्तविक अवस्था राम्ररी बुझ्न कठिन भएकोले कोजुजीलाई प्रश्न गरेँ - उल्लिखित ऋणी मजदूरको अर्थ के होला ?

“माथि उल्लेख भएअनुसार धेरैजसो थारूहरू हाल जमिनदारको जमिनमा साना कामदारको रूपमा मजदुरी गरिरहेका छन् । उक्त मजदुरीबाट प्राप्त पारिश्रमिक अति न्यून हुने भएकोले जीविका चलाउन पनि कठिन छ । विरामी हुँदा, विवाह तथा काजक्रिया आदिको लागि पूँजीको आवश्यकता पर्दछ । तसर्थ सञ्चित रकमको अभावमा सधैँ जमिनदारसँग ऋण लिनु पर्दछ । तर उच्चतम ब्याजदरमाथि पनि तिनीहरू निरक्षर भएको फाइदा उठाइ जमिनदारले उक्त ऋणस्वरूप लिइएको रकमलाई अस्पष्ट पारिदिने भएकोले आजीवन ऋणी हुनुपर्ने गरी ऋणको भार बढ्ने हुन्छ । बाजेबराजुका पालादेखि ऋणमा डुब्दै आएका घटना पनि उति अनौठा छैनन् । परिणामस्वरूप दासको रूपमा जमिनदारहरूबीच खरिदबिक्री गरिने चलन छ । यस्ता ऋणी मजदुरलाई यस क्षेत्रमा कमैया भनिन्छ ।”

## आधुनिक युगमा पनि दासता !

एक्कासि यस किसिमको कुरा सुनाइए तापनि मलाई विश्वास गर्न कठिन भयो । त्यसमा पनि कमैया भनिने ऋणी मजदुरहरू साँच्चै नै दासतामा रहेका भए तिनीहरू निरन्तर रूपमा जमिनदारको अधिनमा रहेको हुनुपर्दछ । तसर्थ सापले कसरी ती समूहलाई सहयोग गरिरहेको होला ? यस्ता कौतुहल मेरो मनमा जाग्यो । क्षितिजसम्म फैलिएका तराईका फाँटहरूको दृश्य झैँ, अझ त्योभन्दा पनि बढी दासहरू ! मैले जापानमा सँगालेको नेपालको कल्पना (सेतो हिमालको फेद, अति मिलनसार व्यक्तिहरू बसोबास गरिरहेको शान्त देश) त निकै भिन्न सावित भयो ।

## आदिम अवस्थामा रहेको गाउँ

कार्यालयमा एक झलक बयान सुनिसकेपछि म कोजुजीको निर्देशनमा सर्वप्रथम सापको कार्यक्षेत्र थारू गाउँमा गएँ । त्यहाँ पस्ने बित्तिकै प्राचीन अवस्थामा फर्केको जस्तो अनुभूति भयो । घरका पर्खाल, छाना, भाँडाकुँडाहरू, मेच आदि

सबै माटो तथा काठ र परालले बनेका थिए । प्लास्टिक तथा धातुका सरसामानहरू निकै कम थिए । त्यतिमात्र होइन, बिजुली र पेट्रोलद्वारा चल्ने वस्तु पनि प्रायः देखिँदैनथे । बयलगाडाले सामानहरू ओसारपसार गर्नुका साथै खुट्टाको प्रयोग गरी धान कुट्ने ढिकीलगायतको प्रयोगमा पुरानै तरिका अपनाइएको देखिन्थ्यो ।

अर्को, थारू जातिको जीवनशैलीको प्रमुख विशेषता भन्नु नै तिनीहरूको रहनसहन रहेछ । तिनीहरू १० मिटर लम्बाइ, ३० मिटरभन्दा अलि बढी चौडाइको लामो घरमा, तीन पुस्ताभन्दा बढी एउटै छानामुनि बसिरहेको पाएँ । घरभित्र पर्खालको सट्टा चौडा गरी राखिएका माटोका ठूलाठूला भाँडाले खाली ठाउँलाई छुट्ट्याएको थियो । उक्त खाली ठाउँको विभाजनले सानो परिवारको छुट्टै बसोबास जनाउँछ ।

त्यहाँका थारूहरू नेपालको तराई भू-भागका हिन्दू आर्य जाति र हिमाली तथा पहाडी क्षेत्रका तिब्बती मंगोलियन जातिभन्दा पनि भिन्नै छन् । गहुँगोरो छाला, गोलो-चुच्चो नाक र ठूलाठूला आँखा निकै आकर्षक हुनुका साथै उनीहरूको अनुहार पनि अलिक भिन्नै खालको छ ।

## बासिन्दाहरूको चाहनाको कदर

सर्वप्रथम साप नेपालका कर्मचारीहरूले आफूले ठम्याएको कार्यक्षेत्र भित्रका १७ ओटा गाउँको सम्पूर्ण अध्ययन-अनुसन्धान गरी नेतृत्व लिनसक्ने खालका २५ जना युवा छानेर १७ दिनको कार्यकर्ता तालिम सञ्चालन गरेपछि बर्दिया क्षेत्रमा सापको क्रियाकलाप सञ्चालन गरिएको थियो । तालिमपश्चात् कार्यकर्ताहरू आ-आफ्ना गाउँमा फर्की चार दिनको स्थानीय सभा बोलाइ आ-आफ्ना गाउँमा के के आवश्यकता छ भन्ने कुरामा छलफल गर्थे । त्यहाँबाट निर्णय भइसकेपछि त्यहाँका बासिन्दाद्वारा श्रमदान तथा सम्बन्धित सरकारी कार्यालयबाट आवश्यक बजेटको चाँजोपाँजो मिलाई अपुग रकममात्र सापबाट अधिकतम रु. ३० हजारसम्म सहयोगस्वरूप प्राप्त हुन्थ्यो ।[६]

कार्यक्षेत्रमा गई यथार्थ अवलोकन गर्दा गाउँअनुसार क्रियाकलाप फरक फरक भएको देख्ता अचम्म लाग्यो । जस्तै कुनै गाउँमा सडक मर्मत, कुनैमा

---

[६] तत्कालीन विनिमय दर रु. एक बराबर जापानी येन दुई भएकोले रु. ३० हजार बराबर करिब ६० हजार जापानी ऐन । सरकारी कर्मचारीको मासिक तलब रु. पाँच हजार र एक किलो चामलको मूल्य रु. १५ थियो ।

विद्यालय भवन निर्माण, हस्तकला सामग्री उत्पादन, प्रौढ शिक्षा, वृक्षारोपण, बायो ग्याँस प्लान्ट जडान आदिजस्ता विभिन्न कार्यहरू सञ्चालन गरिएको थियो । कोजुजीसँग यस सम्बन्धमा जिज्ञासा राख्दा ती सबै कार्यहरू ती गाउँका बासिन्दाहरूको आवश्यकता र त्यसको प्राथमिकताको आधारमा गरिएको र सापले तिनीहरूको चाहनाको कदर गरेको भन्ने जवाफ पाएँ ।

शाप्ला नीरले त्यस बेला बंगलादेशमा आर्थिक रूपमा पिछडिएका कृषकहरूलाई सहयोग गर्ने कामहरूमा पनि स्थानीय बासिन्दालाई नै मुख्य अङ्गको रूपमा मान्यता दिएको थियो । तर वास्तवमा कर्मचारीको सल्लाहअनुसार कुनै एक निश्चित परिधिभित्र बसेर गरिने क्रियाकलाप बढी थिए । जस्तैः सर्वप्रथम स्थानीय बासिन्दाको तर्फबाट सामूहिक रकम सङ्कलन कार्यदेखि सुरु गरी उक्त रकमबाट लघु आयआर्जन कार्य सञ्चालन गर्ने । त्यसपछि समूह गठन गरी करिब एक वर्षजति साक्षरता कार्यक्रम सञ्चालन गर्ने र त्यसपछि सरसफाईसम्बन्धी ज्ञान विस्तार गर्न चर्पी तथा इनारको निर्माण कार्य सुरु गर्ने । यसैले यहाँ पनि सापले स्थानीय बासिन्दाहरूको चाहनाको कदर गरी कार्य सञ्चालन गरिरहेको पद्धतिप्रति म अत्यन्त प्रभावित भएँ ।

तर यहाँनिर मैले शाप्ला नीरको कार्यशैलीभन्दा अधिक भिन्नताको महसुस गरेँ । शाप्ला नीरले बंगलादेशमा भूमिहीन, अत्यन्त गरीब, हरेक किसिमको ज्याला/मजदुरी गर्ने समूहलाई सहभागी बनाई क्रियाकलाप गर्दै आइरहेको छ । तर सापले सम्पूर्ण गाउँ नै समावेश हुने गरी स्थानीय बासिन्दाको (भेला, बैठक) तर्फबाट निर्णय गराउने तरिका अपनाएको रहेछ ।

बर्दियाजस्ता पश्चिमी तराई क्षेत्रको एउटै गाउँमा पनि बासिन्दाहरूमा धनी र गरीबको दूरी धेरै छ भन्ने सुनेको थिएँ । कमैया समस्याको पछाडि पनि यस्तै कुनै कारण छ होला भन्ने सोचेँ । दासतामा रहेका भनिने कमैयाहरू साँच्चै नै सडक मर्मत, विद्यालय भवन निर्माणलाई प्राथमिकता दिई काम गर्दै आएका होलान् ? यस विषयमा पनि कोजुजीसँग बुझ्दा त्यो "गाउँको शक्तिवान् व्यक्तिको दृढ विचार भएकोले कमैयाहरू स्वयंले केही निर्णय नगर्ने (अनुभव नभएका) हुनाले तिनीहरूको मात्र समूह बनाई क्रियाकलाप गरौँ भने पनि गाह्रो" भन्दै उहाँले यसरी छोटो अभिव्यक्ति दिनुभयो ।

तसर्थ मैले सुरुमा गाउँको सम्पूर्ण क्षेत्रबाट भित्र पसी बिस्तारै कमैयासँग नजिकिनु नै उपयुक्त होला भनी विचार गरेँ ।

## जमिनदारको निर्देशनमा "समूह गठन"

सापले बासिन्दाको (भेला, बैठक) र कार्यकर्ताहरूको सहकार्यमा क्रियाकलाप गर्दै कुनै दिन बाह्य क्षेत्रको सहयोगविना पनि क्रियाकलापलाई निरन्तरता दिनसक्ने शक्ति भएको बासिन्दाको सङ्गठन जन्मने अपेक्षा गरेको थियो । त्यसै अनुरूप कुनै समूहले त्यस्ता क्रियाकलापहरूको थालनी गरिसकेका रहेछन् । तीमध्ये गाउँ गाउँमा सडक नाटकको अवलोकन गर्ने अवसर पाइयो । एउटा रुख र त्यसलाई काटेर ढाल्न खोज्ने केटाको कुराकानीमा केन्द्रित त्यस नाटकमा विभिन्न वडाका गाउँले तथा सरकारी कर्मचारी, गैरसरकारी संस्था आदिको भूमिकाको प्रदर्शन गरी अन्तमा वनजङ्गल संरक्षणको सन्देश दिइएको थियो ।

यस्ता सडक नाटकमार्फत स्थानीय बासिन्दाहरूले पनि आफ्नो क्षेत्रको समस्यालाई विचार गरून् भनेर शाप्ला नीरले पनि बंगलादेशमा क्रियाकलाप सञ्चालन गर्दै आएको थियो । गाउँलेहरू सडक नाटक प्रदर्शनमा निपूर्ण हुन्छन् भन्ने कुरा मैले पहिलेका जापानी कर्मचारीमार्फत सुनेको थिएँ । नेपालका गाउँले पनि कम रहेनछन् । प्रदर्शनीमा थारू जातिका महिला तथा पुरुष पनि थिए । साथै त्यसमा कमैयाहरू पनि मिसिएका थिए । "सुरुमा सम्पूर्ण गाउँबाट भित्र पसी बिस्तारै कमैयासँग नजिकिने" भन्ने सापको नीति सफल भएको देखिन्छ ।

तर नाटक सकेपछि त्यस समूहका नेता आफै ६० जना कमैयाका जमिनदार हुन् भन्ने थाहा पाएर म ठूलो सोचमा परेँ । त्यसैले यहाँ जमिनदारको समर्थन प्राप्त गरी जमिनदार स्वयंलाई पनि केही फाइदा हुने क्रियाकलाप नभएसम्म काम गर्न असम्भव देखियो । त्यस किसिमका क्रियाकलापबाट कमैया समस्यालाई समाधान गर्न सकिन्छ होला र ? कोजुजीले "यस नाटकका सहभागी महिलाहरू पहिलेको तुलनामा धेरै सक्रिय भएका छन्" त भन्नुहुन्छ, तर... ।

उक्त समयमा अन्य गैससका क्रियाकलाप पनि अवलोकन गर्ने कार्यक्रम भएकोले बर्दिया क्षेत्रमा दुई दिनमात्र बस्न पाएँ । यसले गर्दा कमैयाहरूको वास्तविक अवस्थाबारे अझै राम्ररी बुझ्न पाइएन । तर सापको सहयोगद्वारा सञ्चालित रात्री साक्षरता कार्यक्रम अवलोकन गरी अँध्यारोमा फर्कंदै गर्दा परबाट धान कुटेको आवाज सुनेँ । बिहान तीन बजेदेखि राति नौ बजेसम्म प्रत्येक दिन १८ घण्टा काममा जोतिने कमैया त्यो आवाजको स्रोत थिए । मेरो कानबाट उक्त आवाज कहिल्यै पनि छुट्न सकेन ।